**कोरोना भाइरससम्बन्धी गण्डकी प्रदेशको अवस्था**
**कास्की । ०७७ वैशाख १८ गते**
गण्डकी प्रदेश सरकारले लकडाउनलाई खुकुलो बनाउने गरी व्यवसायी, उद्योग व्यवसायी र किसानहरूले पालना गर्नुपर्ने मापदण्ड जारी गरेको छ । प्रदेशका ११ ओटै जिल्लाका प्रशासन कार्यालयले लागु गराउने गरी उक्त मापदण्ड जारी गरिएको छ । मापदण्ड अनुसार ठूला तथा साना विकास निर्माण आयोजनामा मजदुरलाई आयोजना स्थलभित्रै खाना, बस्न र शौचको व्यवस्था सहित काम थाल्न दिइने छ । यस्तै कृषकहरूलाई बीउ, विषादी, मल, औजार, उपकरण खरिद र ढुवानीका लागि पसल खोल्न साथै सवारी सञ्चालनका लागि समय तोकी सहजीकरण गरिनेछ । मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङको अध्यक्षतामा बसेको प्रदेश सङकट व्यवस्थापन केन्द्रको वैशाख १५ गतेको बैठकले मापदण्ड तयार गरेको हो । उक्त बैठकले गण्डकी प्रदेश बाहिरबाट आउनेको ट्रयाकिङ्ग गर्ने र विदेशबाट आउनेलाई अनिवार्य क्वारेण्टाइन बसेको प्रमाण-पत्र लिएर मात्र आउन दिने र साथै स्थानीयतहको क्वारेण्टाइनमा राख्न व्यवस्था गर्ने निर्णय गरिएको सूचना वैशाख १८ गते सार्वजनिक भएको  छ ।

**इन्सेक कास्की जिल्ला प्रतिनिधि सुशन घिमिरेका** अनुसार गण्डकी प्रदेशमा वैशाख १८ गते थप पाचँ जनाको नमूना सङकलन गरी परीक्षणको लागि पठाइएको छ । हालसम्म प्रदेशमा ६ सय २७ जनाको स्वाब परीक्षण गरिएकको छ भने ६ सय २० जनाको परीक्षणको रिपोर्ट नेगेटिभ आएको छ र पाचँ जनाको रिपोर्ट आउन बाँकी रहेको छ । प्रदेशमा वैशाख १८ गते ६८ जना र हालसम्म कुल ५ हजार ४ सय १३ जनाको ऱ्यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको छ । पोखरा महानगरपालिकाले विद्यालयले सञ्चालन गरिरहेका अनलाइन कक्षा बन्द गर्न निर्देशन दिएको छ । महानगरका शिक्षा शाखा प्रमुख गङगा बहादुर गुरुङले अनलाइन कक्षाले समाजमा विकृति ल्याएको भन्दै त्यस्ता कार्य रोक्न उजुरी परेकाले रोक लगाइएको जानकारी दिनुभयो । वैशाख १८ गते शैक्षिक प्रशासन महाशाखाले सूचना जारी गरी सम्बन्धित निकायको अनुमति तथा आवश्यक पूर्वाधार बिनानै अनलाइन कक्षा सञ्चालन गर्दा समाजमा थप विकृति निम्त्याउनुका साथै अनलाइन कक्षाको पहुँचमा नरहेका विद्यार्थी तथा अभिभावकहरूलाई मानसिक दबाबसमेत पर्ने भन्दै अनुमति बिना अनलाइन कक्षा सञ्चालन नगर्न भनेको छ ।
लकडाउनका कारण पोखरामै रोकिन पुगेका विदेशी पर्यटकलाई उद्धार गरी पोखराबाट काठमाडौं पठाइएको छ । स्विस राजदूतावासको पहलमा तीन ओटा पर्यटक बसले ६९ जना विदेशी पर्यटकलाई काठमाडौं लैजाने व्यवस्था गरेको पर्यटक प्रहरी निरीक्षक गणेश खनालले जानकारी दिनुभयो । काठमाडौं जान लागेका पर्यटकमा ४० जना फ्रेन्च, ११ जना जर्मन सहित पोल्याण्ड, नर्वे, बेल्जियम, पोर्चुगल, अस्ट्रेलिया, इटाली, क्यानडा, स्वीडेन, नेदरल्याण्ड, रोमानियाका पर्यटक छन् ।

**इन्सेक तनहुँ जिल्ला प्रतिनिधि प्रकाशचन्द्र भट्टराई**का अनुसार स्थानीयतह र शिक्षा, विकास तथा समन्वय इकाइ बीच विद्यार्थीको सिकाइ प्रक्रियाको बारेमा वैशाख १८ गते छलफल भएको छ । बन्दाबन्दीको समयमा विद्यार्थीको सिकाइ क्रियाकलापलाई निरन्तरता दिन शिक्षा, विकास तथा समन्वय इकाइ र तनहुँका स्थानीयतह बीच लकडाउनको समयमा विद्यार्थीको सिकाइलाई के कसरी अगाडि बढाउने भन्ने विषयमा छलफल गरिएको शिक्षा, विकास तथा समन्वय इकाइ तनहुँका प्रमुख रमाकान्त शर्माले बताउनुभयो ।

बैठकमा स्थानीयतहका शिक्षा शाखाका प्रमुख र प्राविधिक सहायक तथा शिक्षा इकाइ कार्यालयका प्रमुख र अधिकृतहरूको सहभागिता रहेको थियो । बैठकले नतिजा प्रकाशन गर्न छुट भएका विद्यालयहरूले सामाजिक दुरी कायम गरेर र नेपाल सरकारले जारी गरेका लकडाउनका नियमहरू पालना गर्दै नतिजा तयार गरी विद्यार्थीहरूसम्म पुऱ्याउने निर्णय गरेको छ । साथै, यसरी नतिजा प्रकाशन गर्दा विद्यार्थीहरू घरघरमा रहेर नै नतिजाको जानकारी पाउने वातावरण निर्माण गर्नुपर्ने बैठकमा निर्णय भएको शर्माले बताउनुभयो ।
त्यस्तै स्थानीयतहले अनलाइन मार्फत आफ्नो नगरपालिका तथा गाउँपालिका भित्रका सबै विद्यालयका प्रधानाध्यापकहरूको बैठक आयोजना गर्ने र कोरोनाले सिर्जना गरेको जटिल परिवेषमा पनि बालबालिकाको सिकाइलाई निरन्तरता दिन सकिने सम्भावित कार्यको खोजी गर्ने विषयमा छलफल गरिएको छ ।
बैठकमा नयाँ पाठ्यपुस्तक बालबालिकाको घरघरमा पुऱ्याउने वातावरणको लागि पहल गर्ने, सम्भव भएसम्म बालबालिका रमाउने खालका कथा, कविताका पुस्तकहरू वितरण गरी पढ्ने बानी निर्माणमा सहयोग गर्ने निर्णय भएको इकाइ प्रमुख शर्माले जानकारी दिनुभयो । हरेक विद्यालयमा कक्षा शिक्षक मार्फत बालबालिकाका अभिभावकलाई फोन गरी बालबालिकालाई सिकाइमा सहयोग गर्न तथा सिकाइ योग्य वातावरण निर्माण गर्न अनुरोध गर्ने र कक्षा शिक्षक नतोकिएका विद्यालयहरूमा कक्षा शिक्षक तोक्ने व्यवस्था मिलाउने निर्णय पनि गरिएको छ ।

**इन्सेक गोरखा जिल्ला प्रतिनिधि हरिराम उप्रेती**का अनुसार कोरोना भाइरसको रोकथाम, नियन्त्रण र व्यवस्थापनको निम्ती गठन गरिएको कमाण्ड पोष्टको बैठकले हालसम्म जिल्लाको शान्ति सुरक्षा एवंम स्वास्थ्य स्थितिको समिक्षा गरेको छ । बैठकले जिल्लाको समग्र शान्ति सुरक्षा र स्वास्थ्य अवस्थाको स्थिति सामान्य रहेको निष्कर्ष निकालेको प्रशासनका अधिकृत हर्क रोकाले बताउनुभयो । त्यस्तै बैठकमा विकास निर्माणलाई निरन्तरता तथा व्यवस्थित बनाउनको लागि योजना सञ्चालन गर्ने सम्बन्धित कार्यालय र स्थानीयतहको सिफारिसका आधारमा जिल्ला प्रशासन कार्यालयले पासको व्यवस्था गर्ने निर्णय गरिएको छ । निर्माण सामग्री व्यवसाय गर्ने व्यवसायीलाई सामग्री आयात र बिक्रीका लागि चेम्बर अफ कमर्स वा उद्योग वाणिज्य सङघको सिफारिसको आधारमा पटके पास जारी गर्ने निर्णय पनि गरिएको रोकाले बताउनुभयो ।

**इन्सेक नवलपरासी (बर्दाघाट सुस्ता पूर्व) जिल्ला प्रतिनिधि तिर्थराज डुम्रे**काअनुसार लकडाउन लम्बिएसँगै राजमार्गमा सवारी साधनको चाप बढेको स्थानीयहरू ले बताएका छन् । दिनभर प्रहरीको निगरानी हुने हुँदा सवारीसाधन नचलेपनि बिहान र बेलुका राजमार्गमा थुप्रै सवारी साधन गुड्ने गरेका उनीहरूले गुनासो गरेका छन् । लकडाउनं लम्बिएको मार सबैभन्दा धेरै कृषि व्यवसाय गर्नेहरूलाई परेको छ । उत्पादन भएका तरकारीहरूको बजारीकरण हुन नसक्दा खेतबारी मै उत्पादनलाई कुहिन छोड्नुपर्ने बाध्यता रहेको स्थानीय कृषकहरूले गुनासो गरेका छन् ।

**इन्सेक पर्वत जिल्ला प्रतिनिधि सन्तोष थापा**का अनुसार कोरोना भाइरसको महामारीको अवस्थामा पर्वत जिल्लामा मानव अधिकारको अवस्था अनुगमन गरिएको छ । अनुगमन समितिले वैशाख १८ गते स्वास्थ्य सम्बन्धी सेवाको अनुगमन गरेको छ । समितिका संयोजक चन्द्रबहादुर क्षेत्रीका अनुसार स्वास्थ्य सेवामा स्वास्थ्यकर्मी नियमित रूपमा सेवामा रहेपनि पीपीइ, थर्मल गन लगायतका सामग्रीहरूको अभाव रहेको र सामग्री अभावकै कारण पर्वत जिल्ला अस्पतालले हेल्लो डाक्टर सेवा सञ्चालन गरी

स्वास्थ्य सम्बन्धी सल्लाह दिने सेवा प्रदान गर्न बाध्य भएको जानकारी दिनुभयो । उहाँले हेल्लो डाक्टर सेवाबाट बिरामीहरूलाई सल्लाह दिन सहज भएपनि सेवा प्रभावकारी हुन नसक्ने भन्दै सम्बन्धित नेपाल मानव अधिकार आयोगमा लिखित प्रतिवेदन पनि बुझाइएको बताउनुभयो ।

**इन्सेक लमजुङ जिल्ला प्रतिनिधि दलबहादुर मजाकोटी**का अनुसार हिमालपारीको जिल्ला मनाङमा काठमाडौ र देशका अरू जिल्लाहरूबाट वैशाख १८ गते ३२ जना स्थानीयवासीहरू भित्रिएका छन् । उनीहरूलाई मनाङको नार्पाभुमि र डिस्याङ गाउँपालिकाको क्वारेण्टाइनमा राखिएको मनाङका प्रमुख जिल्ला अधिकारी पुष्पराज पौडेलले बताउनुभयो । जिल्ला भित्रिएका ३२ जना कै स्वाब परीक्षणको लागि पोखरा पठाउने तयारी समेत गरिएको प्रमुख पौडेलले बताउनुभयो ।
**इन्सेक गण्डकी प्रदेश कार्यालय, पोखरा**